Nepali

पहिलेको रुथभेन प्राथमिक स्कूल साइटमा नयाँ पार्कको लागि प्रकृतिमा आधारित खेल्ने ठाउँ

काउन्सिलले Reservoir को Tracey Street र Glasgow Avenue मा अवस्थित पुरानो रुथवेन प्राइमरी स्कूल साइटमा बन्ने नयाँ पार्कमा खेल मैदान (प्लेस्पेस) को डिजाइन गर्ने गर्न समुदायसँग सहकार्य गरिरहेको छ।

खेलमैदानको बनावट Reimagining Ruthven गुरूयोजनाको लागि 2017-2019 मा आयोजना गरिएको सामुदायिक अन्तर्क्रियाको दौरान हामीले समुदायबाट प्राप्त गरेको सुझावहरूमा आधारित छ। यो गुरू योजना काउन्सिलले 2020 मा अपनाएको थियो र यसले नयाँ 'बुशल्याण्ड स्यांगचुरी पार्क' निर्माण गर्नेछ।

नयाँ खेल मैदान (प्लेस्पेस) को बनावट

खेल मैदानको बनावट प्रकृतिसँग खेल्न र सबै उमेरका बच्चाहरूले खेल्न सक्ने साहसिक खेलमा केन्द्रित हुनेछ। खेल मैदानको बनावट (डिजाइन) मा ठूला बच्चाहरूका लागि काठ र डोरी चढ्ने संरचना, जुनियर खेल क्षेत्र, पिंग, स्पिनर, काठको मुडा तथा खुड्किलाहरू, ढुंगाहरू तथा प्राकृतिक खेलहरू राखिनेछ।

खेलमैदानमा चढ्ने, पिंग खेल्ने, चिप्लिने, बेल्ने, उफ्रिने, सन्तुलन गर्ने र घुम्ने गतिबिधिहरू गर्ने एवं प्राकृतिसँग खेल्ने अवसर सिर्जना गर्नेछ। बुशल्याण्ड स्यांगचुरी पार्कसँग मिल्ने र सुहाउने गरि खेल मैदानमा प्राय: प्राकृतिक रंगहरूको काठ, ढुंगा तथा डोरीहरू प्रयोग गरिनेछ।

यो खेल मैदानको बनावट (डिजाइन) लाई अन्तिम रूप दिन सहयोग गर्न हामी अब समुदायको प्रतिक्रिया मागिरहेका छौं।

खेल मैदानको बनावट (डिजाइन) को अवधारणा बारे कृपया तपाईको धारणा दिनुहोस् ताकि हामी तपाईको प्रतिक्रिया लिएर यसको डिजाईन पूरा गर्न सकौं! यो नयाँ खेल मैदानको निर्माण कार्य राज्य सरकारको अनुदानमा 2021 को अन्ततिर शुरू गरिनेछ।

तपाईं कसरी सहभागी हुन सक्नुहुन्छ

खेल मैदानको बिस्तृत बनावट हेर्न कृपया youraydarebin.com.au/ruthvenplayspace हेर्नुहोस्।

रूथभेन पार्क खेल मैदानको बनावट अवधारणा बारे तपाईंको भाषामा आफ्नो विचार राख्न तपाईंले टिप्पणी कोठा प्रयोग गर्न सक्नुहुनेछ र एक छोटो सर्वेक्षण पुरा गर्न सक्नुहुनेछ।

हामी जनसमुदायबाट उहाँहरूलाई यस खेल मैदानको बनावटमा कुन कुन तत्वहरू सब भन्दा बढी महत्त्वपूर्ण लाग्छ बताउनुहोस् र त्यसै बमोजिम यस बर्ष त्यसको निर्माण हुने कुरा हामी सुनिश्चित गर्न सक्छौ।

तपाईंले तपाईलाई मनपर्ने खेल उपकरणहरूको रंगको लागि पनि मतदान गर्न सक्नुहुन्छ।

यदि तपाईंलाई यस डिजाइनको बारेमा छलफल गर्न चाहनुहुन्छ र तपाईंको भाषामा टिप्पणीहरू दिन चाहनुहुन्छ भने कृपया City.Design@darebin.vic.gov.au मा ईमेल पठाउनुहोस् वा 8470 8470 मा फोन गर्नुहोस्।

कृपया तपाईंको टिप्पणीहरू **आइतबार 28 फेब्रुअरी** भित्र पठाउनुहोस्।